नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
आर्थिक प्रशासन शाखा

सिंहदरवार, काठमाण्डौ

फोन नं. (९७७)- ४२००३१८ Ext-164
Email Address:- account. Section@mofaga.gov.np

प.सं. आ.प्र. २०८०।८१
च.नं. 260

मितिः- २०८०/१२/१५

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री आदिबासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ललितपुर
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, काठमाडौ
श्री निजामती कर्मचारी अस्पताल विकास समिति, काठमाडौ
श्री जिल्ला समन्वय समितिको कार्यालय (सबै) ।

विषयः- **बेरुजू फछ्र्यौट कार्ययोजना पठाइएको** ।

नेपाल सरकारका सचिव वैठकको मिति २०८०/१०/०८ को निर्णयबाट बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राख्ने भनि निर्देशन प्राप्त भएको छ । सो अनुरुप हुने गरि यस मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ मा गर्नुपर्ने बेरुजु फछ्र्यौटको कार्ययोजना तयार गरि मिति २०८०/१२/१४मा स्वीकृत भएकोले उक्त कार्ययोजनाको कार्यान्वयन गरी बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखि कार्य गर्नुहुन आदेशानुसार अनुरोध छ।

..........................
रोमाकान्त काफ्ले
उपसचिव(लेखा)

रोमाकान्त काफ्ले
उपसचिव (लेखा)

बोधार्थः-
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरवार, काठमाडौं ।
श्री सङ्घीय संसद सार्वजनिक लेखा समिति,
सिंहदरवार, काठमाडौं ।
श्री बेरुजु फछ्र्यौट अनुगमन समिति,
सिंहदरवार, काठमाडौं ।
श्री महालेखापरीक्षकको कार्यालय,
अनामनगर, काठमाडौं ।
श्री कुमारी चोक तथा केन्द्रीय तहसील कार्यालय,
बबरमहल , काठमाडौं ।
श्री सूचना प्रविधि शाखा,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको Website मा राखिदिनु हुनु अनुरोध छ।
सिंहदरवार, काठमाडौं ।

# आर्थिक वर्ष २०८०/८१ को बेरुजु फछ्यौंट कार्ययोजना ।

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ अनुसार प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रित नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबारलाई बेरुजु भनेर परिभाषित गरिएको छ । आर्थिक कारोबार गर्दा विधि सम्मत तवरबाट खर्च हुनु अनिवार्य हुन्छ ।

बेरुजु वढ्दै जानु संगठनात्मक प्रभावकारिताका दृष्टिले र आर्थिक अनुशासनका दृष्टिले पनि उपयुक्त अवस्था होइन । बेरुजु वढ्दा सार्वजनिक श्रोत परिचालनमा दक्षताको कमिका साथै विधिको पालना नहुने अवस्था समेत रहन्छ। प्रस्तुत परिप्रेक्ष्यमा मन्त्रालयले बेरुजु न्यूनिकरणको साथै बेरुजु फछ्यौटमा तीव्रता ल्याउने प्रयास गरिरहेको छ । बेरुजु फछ्यौटको कार्यलाई सार्थक र परिणाममूलक बनाउन आर्थिक वर्ष २०८०/८१ को निमित्त बेरुजु फछ्यौट गर्ने लक्ष्य निर्धारण गर्नुका अतिरिक्त कुल लेखापरीक्षण रकमको निश्चित प्रतिशत भन्दा वढी बेरुजु हुन नहुने गरी लक्ष्य निर्धारण गरिएको छ ।

१. **बेरुजुको अवस्था :- मन्त्रालय र अन्तर्गतका निकाय तथा समितिहरुको नाममा कायम रहेको आर्थिक बर्ष २०८०/०८१ मा देहाय बमोजिमको बेरुजु फछ्यौंट गर्नुपर्ने अवस्था रहेको छ ।** **(रु. हजारमा)**

| आर्थिक बर्ष | निकाय | पेश्की बेरुजु | नियमित गर्नुपर्ने | असूलउपर गर्नुपर्ने | फर्छ्यौट | जम्मा |
|---|---|---|---|---|---|---|
| २०५९/०६० सम्मको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ० | ८४ | २१३४३ | ० | २१४२७ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ११८५९४ | ३३६४२८ | ३१५९७४८ | १२६७ | ३६१३५०३ |
| २०६०/६१ देखि २०७७/७८ सम्मको | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १८९२९ | ५२४७९१ | ५४८३ | ० | ५४९२०३ |
| | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | ६६७ | २८४८ | ५७२ | ० | ४०८७ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ७४६७७५७ | ३८३१२९७ | ८४०८१० | ० | १२१३९८६१ |

(रोमा)कान्त काफ्ले
(उपसचिव) (लेखा)

विनोद प्रकाश सिंह
सचिव

| आर्थिक बर्ष | निकाय | पेश्की बेरुजु | नियमित गर्नुपर्ने | असूलउपर गर्नुपर्ने | फर्छयौट | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७८/०७९ को मात्र | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ० | ७५७२ | ७२३ | ० | ८२९५ |
| | प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम | १६५० | ० | १८ | ० | १६६८ |
| | जिल्ला समन्वय समितिको कार्यालयहरु | ६६६३ | १०५५७३ | ३३७६९ | ० | १४६००५ |
| शुरुदेखि हालसम्मको | समितिहरुतर्फ | ५७९८१२ | २२६८४० | ३५६७८१ | ० | ११६३४३३ |
| कुलजम्मा | सबै निकाय | ८१९४०७२ | ५०३५४३० | ४४१७९८० | १२६७ | १७६४७४८२ |

२. <u>आ.ब २०८०/८१ मा बेरुजु फछ्यौट गर्ने र बेरुजु न्यून राख्न पर्ने लक्ष्य-</u>

क. मन्त्रालय मातहत रहेका विभाग/आयोजना/कार्यालयहरु तथा समितिहरु क्रियाशिल रही लेखा, लेखापरीक्षण र बेरुजु फछ्यौंटमा जवाफदेही हुनुपर्दछ ।यस्ता निकायले आफ्नो नाममा कायम भएको बेरुजुको न्यूनतम ५० प्रतिशत फछ्यौंट गर्नुपर्दछ ।

ख. मातहत/विभाग/आयोजना कार्यालय तथा समितिहरुले नियमित गर्नुपर्ने, असुल उपर गर्नुपर्ने तथा पेश्की फछ्यौंट गर्नुपर्ने बेरुजुको वर्गिकरण गरी अद्यावधिक राखे ।

ग. आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औंल्याइएका विषयहरु तुरुन्त सुधार गरी अन्तिम लेखापरीक्षणमा सोही विषय नदोहोरिने सुनिश्चित गर्ने ।

घ. महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण हुँदाका बखत आवश्यक कागजात र प्रमाण उपलव्ध गराउने साथै उक्त समयमा कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुख अनिवार्य रुपमा उपस्थित हुने ।

३. <u>बेरुजू फछ्यौंटको लागि देहाय अनुसार छुट्टा छुट्टै लक्ष्य निर्धारण गरीएको छः-</u>

क. आ.व. २०५९/६० सम्मको पुरानो बेरुजूको लगत नेपाल सरकारको मिति २०६९/०६/११ को मन्त्रिपरिषदको निर्णयले कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा भएकोले सो कार्यालयबाट

रोमकान्त काफ्ले
उपसचिव (लेखा)

विनोद प्रकाश सिंह
सचिव